नगरपालिकाको कार्यविधि संख्या: २५

# बर्दघाट नगरपालिका

## "बर्दघाट नगरपालिकाको सार्वजनिक तथा निजी जग्गाबाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, माटो आदी उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६"

कार्यपालिकाबाट स्वीकृत मितिः -२०७६/११/१८

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)

५ नं. प्रदेश, नेपाल

नगरपालिकाको कार्यविधि संख्याः २५

# बर्दघाट नगरपालिका

## "बर्दघाट नगरपालिकाको सार्वजनिक तथा निजी जग्गाबाट ढुंगा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६"

| कार्यपालिकाबाट स्वीकृत मितिः –२०७६/११/१९ |
| --- |

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)

५ नं. प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश नेपाल

**प्रमाणिकरण गर्नेको दस्तखतः**

**नाम थरः मेघनाथ पाध्या**

**पदः प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मितिः २०७६/११/१९**

## बर्दघाट नगरपालिकाको सार्बजनिक तथा निजी जग्गावाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६

प्रस्तावना :

यस बर्दघाट नगरपालिका क्षेत्रमा सार्वजनिक तथा नीजी जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) (घ) को उपदफा ६ तथा दफा (११) (प) को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी तथा ५ नं. प्रदेश सरकारले जारी "नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी, २०७५" समेतका आधारमा बर्दघाट नगरपालिकाले यो कार्यबिधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) बर्दघाट नगरपालिका सार्बजनिक तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन तथा संकलन कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि बर्दघाट नगरपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि बर्दघाट नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगर कार्यपालिका" भन्नाले बर्दघाट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र, वा सार्वजानिक वा निजी (तीरो तिरी भोगचलन गरिएको जग्गा समेत) जग्गा वाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान बस्तु बाहेकका ढुङ्गा, गिट्टी, वालुवा रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा जस्ता नदीले वगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्दछ ।

(ग) "अनुगमन समिति" भन्नाले दफा (९) बमोजिमको अनुगमन समिति सम्झनु पर्दछ ।

(घ) "मापदण्ड" भन्नाले दफा (१०) वमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(ङ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय परीक्षण सम्झनु पर्दछ ।

(च) "प्राविधिक परीक्षण" भन्नाले दफा (४) को उपदफा (२) वमोजिमको नगर कार्यपालिकाको कार्यालय मार्फत गरिने स्थलगत प्राविधिक प्रतिवेदन सम्झनु पर्दछ ।

(छ) "व्यावसायीक फर्म /संस्था/उद्योग" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर संकलन तथा उत्खनन गरी ढुवानी गर्ने वा टुक्राउने, फुटाउने, वा पेल्ने वा कम्तिमा एक तह प्रशोधन गर्ने व्यावसायीक फर्म वा उद्योगलाई सम्झिनु पर्दछ ।

(ज) "राजश्व" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर आदि संकलन गरे वापत नगर कार्यपालिकाले तोके बमोजिम नगर कार्यपालिकालाई बुझाउने सरकारी राजश्व सम्झनु पर्दछ ।

(झ) "निजी जग्गा" भन्नाले जग्गा धनी प्रमाण पूर्जा भई भोगचलन गरेको तथा तीरो तिरी भोगचलन गरेको जग्गा समेत सम्झनु पर्दछ ।

**३. अनुमति लिनुपर्ने :** (१) निजी जमिनवाट ढुंगा, गिट्टी, वालुवा, मिस्कट आदि उत्खनन तथा विक्रि गर्न चाहने व्यावसायीक फर्म, नीजी स्वामित्व भएका जग्गा सम्बन्धित जग्गा धनीसंग सम्झौता गरि अनुमति माग गर्ने व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम यस नगरपालिकामा उद्योग/व्यवसाय दर्ता, नविकरण गर्नुपर्नेछ । व्यक्तिगत प्रयोजनका लागि दर्ता गर्नु पर्ने छैन ।

(२) उपदफा (१) वमोजिम निजी जमिनवाट ढुंगा, गिट्टी, वालुवा, मिस्कट, माटो आदि उत्खनन तथा विक्रि गर्न चाहने व्यक्ति, व्यावसायीक फर्म, वा संस्थाले उत्खनन गर्नुपर्ने जमिनको स्वामित्व भएको जग्गाधनी प्रमाण पूर्जा वा भोगचलन गरेको जग्गाको स्वामित्व खुल्ने प्रमाणित कागजात, जग्गा धनी संगको सम्झौताको प्रतिलिपि, उत्खनन हुने क्षेत्रफल र उत्खनन गरिने परिमाण, उत्खनन अवधि तथा उत्खनन र ढुवानीमा प्रयोग गरिने साधन एवं साधन नम्वर खुलेको सूची, ब्लुबुकको प्रतिलिपि र संधियार संगको उत्खनन सहमतिको प्रतिलिपि संलग्न राखी संक्षिप्त वातावरणीय अध्ययन गरी प्राविधिक परिक्षण एवं उत्खनन् अनुमतिका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम ढुंगा, गिट्टी, वालुवा, मिस्कट, माटो आदि उत्खनन, संकलन तथा भण्डारण गर्दा नगरपालिकाले आफ्नो भू-उपयोग नीति अनुसार यस प्रयोजनका लागि

छुट्टाईएको जग्गामा मात्र नगरपालिकावाट अवास्था हेरी संक्षिप्त वातावरणीय परीक्षण सहितको प्राविधिक प्रतिवेदन तयार गरी उत्खनन् गरिने क्षेत्रफल, गहिराई एवं परिमाण तोकी उत्खनन् अनुमति दिन सकिनेछ ।

४. **प्राविधिक परिक्षण प्रतिवेदन वा वातावरणीय परीक्षण तयार गर्ने :** (१) दफा (३) बमोजिम उत्खनन् अनुमति दिनु पूर्व सम्बन्धित प्राविधिकहरुको सहयोगमा संक्षिप्त वातावरणीय परीक्षण सहित स्थलगत प्रतिवेदन तयारी गर्नुपर्नेछ । वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ । स्थलगत प्रतिवेदन अनुसूची-१ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्दा कम्तिमा एक जना वातावरण विज्ञ सहितको सम्बन्धित प्राविधिक टोलीबाट गराउनु पर्नेछ । प्राविधिक परिक्षण स्थलगत अनुगमन प्रतिवेदन तयारी गर्दा सम्वन्धित वडाका प्रतिनिधिको रोहबरमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राविधिक परिक्षण स्थलगत अनुगमन प्रतिवेदन तयारी गर्दा जग्गा धनी, संधियारलाई समेत सहभागि गराई आवस्यक मुचुल्का समेत तयार गर्नुपर्नेछ । आवस्यक्तानुसार स्थानीय जनप्रतिनिधि र सरोकारवाला कार्यालयका अन्य कर्मचारी लाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगर कार्यपालिकाले र स्थलगत प्राविधिक अनुगमन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले स्वीकृत गर्नेछ ।

५. **ढुंगा, गिट्टी, वालुवाको राजस्व दररेट तथा बाँडफाँड :** (१) दफा (४) को उपदफा (४) बमोजिम प्राविधिक परिक्षण स्वीकृत भएपश्चात नीजी जग्गाबाट व्यवस्थापन गरिएको खण्डमा प्रति घनमिटर रु ४०।०० का दरले राजश्व दाखिला गर्न लगाई प्रति ट्रिप प्रति रसिद हुने गरी रसिद उपलव्ध गराउने वा एकमुष्ट राजश्व दाखिला गर्न लगाईनेछ ।

(२) सार्वजानिक जग्गाबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवाको आदि व्यवस्थापन गर्दा ५ नं. प्रदेश सरकारले तय गरेको मापदण्ड अनुसार राजस्व दाखिला गर्न लगाई अनुमति दिन सकिनेछ ।

(३) निजी जग्गा वाट उत्खनन तथा संकलन हुने राजस्वको वाँडफाँड सम्वन्धमा संकलित रकमको ५० प्रतिशत सम्वन्धित वडामा वातावरण संरक्षण क्षेत्रमा खर्च गर्न सकिनेछ ।

(४) सार्वजनिक खोला नदीजन्य पदार्थ उत्खननको जम्मा राजश्व मध्ये बाट खर्च कटाई सोही खोला/नदीको विपद, भुक्षय तथा वाढी नियन्त्रण तटवन्धनमा लगानी गर्न सकिने छ ।

(५) दफा (४) को उपदफा (२) बमोजिमको प्राविधिक परिक्षण समितिका सदस्यहरुलाई प्रोत्साहन स्वरुप नगरपालिकाको नियमानुसार खाजा खर्च उपलब्ध गराउन सकिने छ । दफा (९) को उपदफा (१) र (२) बमोजिमको अनुगमन समितिलाई समेत खाना खाजा तथा आवस्यक्तानुसार यातायात खर्च उपलब्ध गराउन सकिने छ ।

**६. ढुंगा, गिट्टी, वालुवा, माटो दहत्तर, बहत्तरको उत्खनन र सङ्कलन :** (१) राष्ट्रिय निकुञ्ज वा आरक्षको मध्यवर्ती क्षेत्र, सार्वजनिक महत्वका क्षेत्र अर्न्तगत तथा अन्य सम्वेदनशिल क्षेत्र भनी तोकिएका क्षेत्र भित्र उत्खनन तथा संकलन गर्न पाईने छैन । उत्खनन गर्नै पर्ने भए आवस्यक प्रक्रिया पुर्याई सम्वन्धित पक्ष समेतको सहमतिमा स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका मापदण्डहरु अपनाई उत्खनन गर्न सकिने छ ।

(२) ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर, बहत्तरको उत्खनन र सङ्कलन कार्य असार १ गते देखि भाद्र मसान्त सम्म गर्न पाईने छैन ।

(३) ढुंगा, गिट्टी, वालुवा, माटो दहत्तर, बहत्तरको, माटो, भस्कट आदी उत्खनन र सङ्कलन कार्य सूर्यास्त देखि सूर्योदय नहुँदा सम्म गर्न पाईने छैन ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, डुवानले राजमार्ग, खेत, वारी गाउँ, बस्ति, शहर बजार जस्ता स्थानमा थुपारेको ढुंगा, गिट्टी, वालुवा, माटो दहत्तर, बहत्तर हटाउनु पर्ने भएमा नगरपालिकाले हटाउन सक्नेछ ।

**७. ढुवानी तथा ओसारपसार सम्वन्धी व्यवस्था :** (१) ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तरको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(२) पानीले भिजेको र पानी चुहिने ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर वोकेका सवारी साधन पक्की सडकमा गुडाउन पाईने छैन ।

(३) ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर वोकेका सवारी साधन नछोपी खुल्ला रुपले ढुवानी गर्न, सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा संकलन तथा संचय गरी राख्न तथा सवारीका साधन उक्त क्षेत्र भित्र पार्किङ्ग गर्न पाईने छैन ।

(४) ओसारपसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

**८. खोला/नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवा, मिस्कट, भस्कट, माटो आदिको यस नगरपालिका क्षेत्र अर्न्तगतका स्थानहरुबाट उत्खनन तथा उपयोग सम्वन्धी व्यवस्था :**

(१) खोला/नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवा, मिस्कट आदिको यस नगरपालिका क्षेत्र बाट उत्खनन तथा उपयोग सम्वन्धी देहाय बमोजिम गर्नु पर्नेछ ।

(२) दफा (८) को उपदफा (१) बमोजिम उत्खनन तथा उपयोग सम्वन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षणको अधिनमा रही नगर कार्यपालिकाको निर्णय अनुसार सार्वजनिक निर्माणमा आवस्यक नदीजन्य पदार्थ उपयोग अनुमति दिई ढुंगा, गिट्टी, मिस्कट, माटो, भस्कट आदिको उत्खनन तथा सार्वजनिक निर्माणमा उपयोग गर्न सकिने छ ।

(३) सार्वजनिक निर्माणमा आवस्यक पर्ने नदीजन्य पदार्थ ढुंगा, गिट्टी, ग्रावेल, मिस्कट, माटो आदि उत्खनन/संकलन तथा उपयोगका लागि कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समिति वा ठेकेदार मार्फत माग भए बमोजिमको परिमाणको ढुंगा, गिट्टी, ग्रावेल, माटो अदिको परिमाण ( घन मिटर वा घन फुट) खुलाई अनुसूची २ वमोजिमको फारम भरी नगरपालिकामा माग गर्न सकिनेछ ।

(४) उपदफा (३) वमोजिम माग भएको परिमाण, उत्खनन तथा ढुवानीमा प्रयोगहुने सवारी साधनको विवरण समेत खुलाई स्थानीय प्रशासन, जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय लगाएतलाई पत्रमार्फत जानकारी गराउनु पर्ने छ ।

(५) उत्खनन तथा संकलन कार्यलाई प्रभावकारी गराउनका लागि र उत्खनन् कार्यबाट राजस्व संकलन व्यवस्थित गर्नका लागि आवश्यकता अनुसार कर्मचारी खटाउन सकिनेछ । उक्त कर्मचारीलाई नगरपालिकाको दररेट अनुसार हाँजिर भई कार्य गरे अनुसारको रकम उपलव्ध गराईनेछ ।

९. **अनुगमन सम्वन्धी व्यवस्था :** (१) ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर, माटो, भस्कट आदिको उत्खनन अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनका लागि अनुगमन मिमिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिम निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर आदिको उत्खनन अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन ।

(क) सम्वन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) सम्वन्धित वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य - सदस्य

(घ) सम्वन्धित वडाका प्राविधिक - सदस्य

(ङ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (१) बमोजिम नीजी जग्गाबाट ढुंगा, गिट्टी, वालुवा, मिस्कट, दहत्तर, बहत्तर, भस्कट, माटो आदिको व्यवस्थापन गर्दा अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन ।

(क) नगर कार्यपालिकाका वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक -संयोजक

(ख) सम्वन्धित खोला क्षेत्रका वडा अध्यक्ष - सदस्य

(ग) सम्वन्धित वडाका प्राविधिक - सदस्य

(घ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

**१०. निषेधित कार्यहरु :** (१) यस कार्यविधि वमोजिम देहाएका कार्यहरु निषेधित गरिएको छ ।

(२) प्रारम्भिक वातावरणीय परिक्षण वा प्राविधिक परिक्षण प्रतिवेदन स्वीकृत नगरी सार्वजनिक खोला नदीजन्य पदार्थ ढुंगा, माटो, गिट्टी, वालुवा, दहत्तर, बहत्तर उत्खनन, संकलन तथा भण्डारण गर्न ।

(३) स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा प्राविधिक परिक्षण प्रतिवेदनका शर्त उल्लंघन गर्न ।

(४) अनुमति विपरित उत्खनन तथा स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन, संकलन, तथा ढुवानी गर्न ।

(५) उल्लेखित निषेधित कार्य गरेको पाईएमा नगर कार्यपालिकाले दण्ड जरिवाना तथा सामाग्री जफत गर्न आदेश दिईनेछ । यस्तो आदेश पालना गर्न सहयोग गर्नु सम्वन्धित सवैको दायित्व हुनेछ ।

**११. दण्ड सजायको व्यवस्था :** (१) दफा (१०) बमोजिमका निषेधित कार्य गरेमा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम दण्ड सजाय हुनेछ ।

**१२. थपघट तथा हेरफेर :** (१) यो कार्यविधि आवस्यकता अनुसार नगर कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्ने छ ।

**१३. बाधा अड्काउ फुकाउ :** (१) यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ आईपरेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**१४. खारेजी र बचाउ :** (१) बर्दघाट नगरपालिका क्षेत्रका खोला, नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन तथा संकलनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ लागु भए पश्चात साविकमा प्रचलनमा रहेका सम्बन्धित सबै कार्यबिधिहरुबाट भएका कार्यहरु यसै अनुरुप भएको मानिने छ । यस कार्यबिधि संग सम्बन्धित एउटै प्रयोजनका लागि यस अघि प्रचलनमा रहेको व्यवस्थाहरु यो कार्यबिधि लागु भए पश्चात खारेज गरिएको छ ।

## अनुसूची १

दफा (४) को उपदफा (१) संग सम्वन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति : २०७६/ /

बर्दघाटनगरपालिका;

नगर कार्यपालिका कार्यालय, नवलपरासी ।

बिषय : स्थलगत अनुगमनको प्रतिवेदन पेश गरिएको वारे ।

प्रस्तुत विषयमा यस बर्दघाट नगरपालिका नगर कार्यपालिकाको मिति २०७५/०६/०७ गतेको वैठकको निर्णयअनुसार यस नगर क्षेत्रभित्र निजी जमिनवाट माटो, ढुंगागिट्टी, वालुवा मिस्कट आदिको उत्खनन/ संकलन गरी विक्रि वितरण गर्न यस नगरपालिका वाट प्रारम्भिक वातावरणीय परीक्षण सहितको प्रविधिक मुल्याङ्कन गराई तोकिएको राजस्व बुझाएर विक्रि वितरण गर्न पाउने व्यवस्था गरिएको र सो का आधारमा यस नगरपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष, जग्गाधनी, सवारीधनी, प्राविधिक कर्मचारी लगाएत सरोकारवालाको उपस्थितिमा मिति २०७६/ / गतेका दिन स्थलगत अनुगमन सम्पन्न गरी तपशिल वमोजिमको प्रतिवेदन पेश गरेका छौं ।

**तपशिल**

१. निवेदकको नाम थर ठेगाना : ..........................................ना प्रा नं ...............

२.जग्गाधनीको नाम थर ठेगाना : ..........................................ना.प्रा.नं ................

३. उत्खनन प्रस्ताव गरिएको जग्गाधनी प्रमाण पुर्जा नं :........... किता नं...................... ...............क्षेत्रफल........................

जग्गा धनी प्रमाण पुर्जा नभई तीरो तिरेर भोगचलन मात्र गरेको जग्गाको हकमा समेत हकवालाको विवरण र जग्गाको क्षेत्रफल उल्लेख गर्नुपर्ने ।

४. उत्खननमा प्रयोग हुने सवारी साधनको विवरण, सवारीधनीको नाम ...........................................

| क सं | सवारी धनीको नाम थर | सवारीको किसिम | सवारी नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |

५. उत्खनन गर्न सकिने जम्मा परिमाण : ..........घन मिटर, लम्वाई :.........चौडाई :............
गहिराई : ............

६. अनुमानित % ................ **अनुमति दिन सकिने खुद परिमाण : ....................................**

७. ढुवानी मिति : ..................देखि ............................ सम्म

८. ढुवानी समय : विहान ७ वजे देखि साँझ ५ वजे सम्म ।

९. संलग्न: उत्खनन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि, जग्गाधनी संगको सम्झौता, संधियारको सहमति मुचुल्का, नागरिकताको प्रमाणित प्रतिलिपि, सवारी साधनको ब्लुबुक तथा सवारी चालकको अनुमति पत्र, स्थलगत अनुगमनको माईन्युट ।

| ...................... | ......................... | ........................... |
|---|---|---|
| तयार गर्ने | सिफारिस गर्ने | स्विकृत गर्ने |

अनुसूची २

दफा (९) को उपदफा (३) संग सम्बन्धित

(सार्वजानिक निर्माणका योजना कार्यान्वयनका लागि नदीजन्य पदार्थ उपयोगको अनुमति पाउँ)

श्री बर्दघाट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

नवलपरासी ।

**बिषय : ................ आयोजनाका लागि नदीजन्य पदार्थ उपयोगको अनुमति पाँऊ ।**

यस नगरपालिकाको वडा नं ........मा.......................................बाट स्वीकृत कार्यक्रम अर्न्तगत ...................................योजना निर्माण गर्न आवस्यक पर्ने नदिजन्य पदार्थ ढुङ्गा/गिट्टी/ग्रावेल/वालुवा/माटो आदि यस नगरपालिका अर्न्तगत पर्ने ..................................क्षेत्र वाट तपशिल वमोजिम संकलन तथा निकासी गरी उपयोग गर्न अनुमति उपलव्ध गराईदिनु हुन अनुरोध छ ।

**तपशिल**

१. योजनाको नाम र स्थान : ................................................................

२. उपभोक्ता समितिको/फर्मको नाम र सम्पर्क नं : ....................................................

३. प्राविधिक अनुमान लागत परिमाण : ...............................घन फिट / घन मिटर

४. संकलन हुने स्थान .............................निकासी हुने मार्ग : ........................................

५. ढुवानीमा प्रयोग हुने साधन :

५.१ क) प्रकार: टिपर/ट्र्याक्टर/ ख) साधन नम्वर ..........ग) आयतन.........घन.मि. घ) पटक ......

५.२ क) प्रकार: टिपर/ट्र्याक्टर/ ख) साधन नम्वर ..........ग) आयतन.........घन.मि. घ) पटक .......

५.३ क) प्रकार: टिपर/ट्र्याक्टर/ ख) साधन नम्वर ..........ग) आयतन.........घन.मि. घ) पटक . .....

५.४ क) प्रकार :टिपर/ट्र्याक्टर/ ख) साधन नम्वर ........ग) आयतन........घन.मि. घ) पटक . .......

६. ढुवानी मिति : ...............देखि ............७. ढुवानी समय : विहान ७ बजे देखि साँझ ५ बजे सम्म

निवेदकको नाम:.................................पद............................

हस्ताक्षर :............................ सम्पर्क नं :.........................

बर्दघाट नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियम, २०७४ को नियम ४ वमोजिम प्रमाणित गर्दछु ।

......................................

मेघनाथ पाध्या

प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७६/११/१९